NPSN : 00520-333/2016/017

# बाँझो खेतमा लसुन खेती प्रविधि



नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद
संचार, प्रकाशन तथा अभिलेख महाशाखा
खुमलटार, ललितपुर

# बाँझो खेतमा लसुन खेती प्रविधि

## परिचय

लसुन (*Allium sativum* L.), संसार भरिमै गानो बालीमा प्याज पछि दोस्रो मुख्य बालीको रुपमा पर्दछ । कृषि मन्त्रालयको तथ्याङ्क अनुसार आ.ब. २०७१/७२ मा लसुनको खेती ७,११९ हेक्टरमा गरिएको र उत्पादन ४४, ७२३ टन र उत्पादकत्व ६.२८ भएको देखिन्छ । काठमाण्डौं पोष्ट (२०१५) को एक रिपोर्ट अनुसार एक हेक्टर जग्गामा यसको खेती गर्नको लागि पहाडमा रु.२८४,३३२ र तराईमा रु. २५५,१८८ खर्च लाग्दछ भने आम्दानी पहाडमा रु. १,३९७,९९८ र तराईमा रु.१,०४०,१६५ हुन्छ ।

लसुन विशेषगरि मसला बालीकै रुपमा प्रयोग गरिन्छ । तरकारी, अचार, चट्नी, मासुको स्वाद बढाउन लसुनको प्रयोग हुन्छ । विदेशतिर यसको सुख्खा धुलो बनाएर प्रयोग गर्ने प्रचलन बढी रहेको छ । नेपालमा पनि चाउचाउ उद्योगमा लसुनको तेल प्रयोग भएको पाइन्छ ।

पौष्टिकताको हकमा सबै गानो बाली मध्ये लसुन बढी पौष्टिक छ । यो कार्वोहाइड्रेट, प्रोटिन, फसफोरस, को राम्रो स्रोत हो । यसको हरियो सागमा एस्कर्बिक एसिड प्रचुर मात्रामा पाइन्छ । लसुन एक औषधी बाली पनि हो । लसुनका १-३ केस्रा खाली पेटमा पानीसंग खांदा जोर्नीहरु दुख्ने रोगमा फाइदा पुग्दछ भन्ने रिपोर्ट छ र यसले रगतमा बढेको कोलेस्ट्रोल ट्राइग्लिसराइडलाई पनि सामान्य गराउंदछ । लसुनको सेवनले शरीरको रोग प्रतिरोधात्मक शक्ति बढाउंछ , विभिन्न क्यान्सरका तन्तुहरुलाई नष्ट गर्दछ, इनफेक्सन कम गराउंछ, दांतको समस्या कम गर्दछ, रुघा, खोकि तथा घांटि दुख्दा राहत दिलाउंछ , सुगरका बिरामीलाई काम लाग्दछ, एलजाइमर रोगमा औषधीको काम गर्छ, शरीरको कलेजो तथा हाडहरु मजबुत बनाउंदछ । ५० ग्राम जति तोरीको तेलमा ४/५ लसुनका केस्रा

फुराएर/डढाएर एउटा भाँडोमा राखि आवश्यकता अनुसार ढाड, कम्मर, वा अन्य दुखेको भागमा प्रयोग गर्दा विशेष लाभ हुन्छ ।

यसका अलावा लसुनमा बिरुवाको रोग र किरा नियन्त्रण गर्ने तत्व हुने हुनाले यसलाई जैविक विषादी बनाउनमा पनि प्रयोग गरिन्छ । साथै जैवीक खेती प्रणालीमा खेतीको बीचबीचमा लसुन लगाउनाले कीराहरु भाग्दछन भनिन्छ ।

## यस प्रविधिका फाइदाहरु

- माटोको खनजोत कम हुने हुनाले माटोको क्षय कम हुन्छ र माटो खुकुलो हुन्छ ।
- माटोमा प्रांगारिक पर्दाथ बढ्दछ ।
- बीउ लगाएपछि बाक्लो छापो दिइने हनाले माटोमा चिस्यानको संचय हुने तथा झारपात पनि कम आउने हुन्छ
- खेती गर्नको लागि खनजोत गरिरहन नपर्ने हुनाले ज्यामी कम लागी उत्पादन लागत कम हुन्छ ।
- धान बाली काटेपछि त्यसका ठुटाहरु नहटाइने हुनाले यो माटोमा नै कुहेर जान्छ र त्यसले प्रांगारिक मलको काम गर्दछ ।

## अध्ययन अनुसन्धान

बाँझो खेतमा लसुन खेती प्रविधि मध्य पश्चिममा बाँके, बर्दिया, कैलाली र कंचनपुर जिल्लाका थारू समुदायमा प्रचलित छ । अध्ययन अनुसन्धानको कममा क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, नेपालगंज खजुरामा आ.व.०६१/६२ देखि यस प्रविधिलाई प्रमाणिकरण गर्दा बिना खनजोत लसुन लगाई माथि वाट कम्पोस्ट मल ३० टन र रासायनिक मल १२०: ८०: ८० के.जी नाइट्रोजन, फसफोरस र पोटास प्रति हेक्टर प्रयोग गर्दा उत्पादन

सन्तोषजनक पाइएको छ । यसै गरि कृषि अनुसन्धान केन्द्र, मालेपाटन पोखरामा पनि आ.व.०६३/६४ मा यो प्रविधि अपनाई प्रमाणीकरण अध्ययन गरिएको थियो । आ.व. ०७१।०७२ मा पशु विज्ञान अध्ययन प्रतिष्ठान (नाम्री), खुमलटार परिसरको करेसाबारीमा गरेको प्रारम्भीक अध्ययनले काठमाण्डौ उपत्यकाका धान खेतमा पनि यो प्रविधि अपनाएर लसुन खेती गर्न सकिने सम्भावना देखिएकाले आ.व.०७२।०७३ देखि को वाह्य अनुसन्धान महाशाखाबाट जीतपुर फेदिमा यसको कार्यक्रम संचालन भइरहेको छ । २०७२/७३ मा गरिएको बांझो खेतमा लसुन खेती तथा किसानको परम्परागत खेती तरीकाको तुलनात्मक अध्ययनमा बांझो खेतमा गरिएको खेतीमा ५ वर्ग मिटरको जग्गामा ६.४७ के.जी उत्पादन तथा किसानको तरीकाबाट गरिएको खेतीमा ४.८५ के.जी उत्पादन भएको पाइएको छ साथै लसुनको एउटा पोटीको तौल बांझो खेतबाट ३२.५ ग्राम र किसानको तरीकाको खेतीबाट १८.४ ग्राम पाइएको छ ।

## बाली लगाउनु अधिको पूर्व अवस्थाः

आगामी सिजनमा बाँझो खेतमा लसुन लगाउने योजना भएमा धान लगाउँदा अगौटे जात १५×१५ से.मी.को फरकमा रोप्नु पर्दछ र जमिनमा कार्तिक/मंसिरमा चिस्यान केहि बढी भएको (हिड्दा पैतालाको डोव/छाप देखिने) भएमा उपयोगि हुन्छ । तराईको हकमा बाँझो खेतमा गँहु छर्दा हुने चिस्यानको अवस्था नै प्रयाप्त हुन्छ । यस प्रविधिमा धान काटी सकेपछि धानको गाँजको बीचमा पेन्सिल आकारको काठको किल्लाले खोपी लसुनको केस्रा लगाउने गरिन्छ । सर्व प्रथम लसुन लगाउने खेतमा सिफारिस मात्रा रासायनिक मल राख्ने, त्यस पछि लसुन डोब्ने । त्यस माथि राम्ररी पाकेको मल धुलो बनाइ राख्ने त्यस माथि सुकेको धानको परालले छापो दिने गरिन्छ । पराल उपलब्ध नभएमा अन्य सुकेका स्याउला सोत्तरको छापो प्रयोग गर्न सकिन्छ । बाँझो खेतमा लसुन लगाउने प्रविधिमा छापोको

प्रयोग अनिवार्य छ । स्मरण रहोस् लसुन लगाउँदा माटोमा पर्याप्त चिस्यान हुनु आवश्यक छ ।

**हावापानी:**

लसुन एक फराकिलो हावापानी अर्थात तराईदेखि उच्च पहाड सम्म खेती गर्न सकिने बाली हो । यसका लागि अत्यधिक गर्मी र अति चिसो दुवै हावापानी त्यति ठिक हुदैन । धेरै लामो दिन र धेरै गर्मीमा लसुन रोपेमा लसुनका गानो बन्न सक्दैंन । तर गानो बन्नका लागि लामो दिन र उच्च तापकम (बिरुवा बढ्ने भन्दा) चाहिन्छ ।

**तापकम:**

गानो बन्नका लागि २५-३० डि सें तापकम उपयुक्त हुन्छ । १०-१५ डि. सें मा वानस्पतिक वृद्धि हुन्छ भने तापकम २० डि सें भन्दा माथि लागेपछि गानोको विकास शुरु हुन्छ ।

**प्रकाश अवधि:**

गानोको सुरुवात, बृद्धि विकासका लागि प्रकास अवधि १२ घण्टा वा भन्दा बढी हुनु आवस्यक छ ।

**लसुन प्रसारण:**

लसुन वानस्पतिक प्रसारण गरिने मसला बाली हो । फूल फुले पनि बीउ नलाग्ने भएकोले लसुनको केस्रा (clove) बाट नै प्रसारण गरिन्छ । हामी कहाँ स्वस्थ ठुला गाना बीउका लागि छुट्याउने चलन छैन यो राम्रो होइन । अत: रोग कम लागेका स्वस्थ, ठूला, आर्कषक गानाको बोटमै छनौट गरि बीउका लागि भण्डारण गर्नु पर्दछ । गानाबाट बाहिर टाँसिएका केस्रा, साना केस्रा र भित्र पट्टीको लाम्चो केस्रा हटाइ बाँकी राम्रा, ठुला केस्रा लगाउनु पर्दछ । सानो केस्रा कम मलिलो नराम्रो माटोमा लगाउदा

केस्रा विहीन गानो (राउण्ड) बन्छ । राउण्ड अर्को बर्ष लगाउन सकिन्छ । तर ख्याल गर्नु पर्ने कहिले पनि उच्च पहाडबाट ल्याएको लसुन तराईमा लगाउनु हुदैन । भोटे टाईपका लसुनको पनि तराईमा गानो लाग्दैन ।

**माटोः**

लसुनका लागि पानी नजम्ने खुकुलो दोमट माटो उत्तम हुन्छ । कडा माटोमा गानो राम्ररी फस्टाउन सक्दैन । प्राङ्गारिक पदार्थ प्रसस्त भएको ६-७ पि.एच. भएको माटो राम्रो हुन्छ ।

**मलखादः**

रासायनिक मलको हकमा भने प्रति हेक्टर १२०: ८०: ८० के.जी नाइट्रोजन, फसफोरस र पोटास सिफारिस गरिएको छ । जस अनुसार ९.६ के.जी युरिया, ८.७ के.जी. डी. ए.पी. र ६.७५ के.जी. म्युरेट अफ पोटास प्रति रोपनी लसुन लगाउनु अगावै बाँझो खेतमा प्रयोग गर्नु पर्दछ । त्यस पछि धानको गाँज गाँजमा लसुन लगाउनु पर्दछ । लसुनलाई प्राङ्गारिक मल प्रशस्त चाहिने भएकाले ३० टन राम्ररी पाकेको गोठे वा कम्पोस्ट मल प्रति हेक्टर लसुन रोपी सकेपछि माथिबाट प्रयोग गरि छापो दिइन्छ ।

**बाली लगाउने समय**

**तराईः** असोज १५ देखि कार्तिक १५ सम्म
**मध्य पहाडः** कार्तिक महिना भर
**लगाउने दुरीः** १५×१०-१५ से.मी.
**बीउ (केस्रा) दरः** ५००-६०० के.जी. प्रति हेक्टर (२५ देखि ३० के.जी. प्रति रोपनी)

## सिंचाई र गोडमेलः

लसुनले पानी जमेको र सुक्खा दुवै सहन सक्दैन । साधारण चिस्यान गानो तयार नहुन्जेल चाहिन्छ । गानो लाग्ने र बढ्ने बेलामा चिस्यान कम भए उत्पादन घट्छ । गानो लागि सकेपछि बढी चिस्यान भएमा केस्राहरु पलाइ गानाको गुणस्तर घट्छ । लसुन लगाएको ठाउँ झारपात मुक्त हुनु पर्दछ । बिना खनजोत लगाइएकोले कुटो कोदालोले खन्न सम्भव नभएकोले छापो माथी आएका झारपातलाइ हातैले उखेली हटाउनु पर्दछ । प्राय पहिलो गोडाई लगाएको २५-३० दिन पछि दोस्रो गोडाइ ५०-६० दिन पछि गरिन्छ । त्यस पछि पनि आवस्यकता अनुसार झार निकालिरहनु पर्दछ ।

## लसुन खन्ने र क्युरिङः

लसुनको गानो तयार भएपछि लसुनको बोट पहेंलिइ भुइमा ढल्न थाल्दछन् । गानो राम्ररी तयार नहुँदै गानो खनेमा भण्डारणमा छिट्टै कुहिने र गानोको गुणस्तर कम हुन जान्छ । यदि तयार गानो समयमै नखने गानाहरु फुटने र केस्रा पुन पलाउन थाल्दछन । लसुन खने पछि खेतमै गानालाई बोटले छोपी सुकाइ सम्पूर्ण बोट सुकेपछि छाया र हावामा राम्ररी सुकाई थन्काउनाले भण्डारणमा राम्रो हुन्छ ।



**तस्विर १. बाँझो खेतमा लसुन लगाउदै, जितपुर फेदी, काठमाडौंमा कृषक तथा प्राविधिकहरु**

## बांझो खेतमा लसुन खेती बारेमा किसानको प्रतिक्रिया

भरत लामिछाने (जीतपुरफेदि, काठमाण्डौं)

"यो बांझो खेतमा लसुन खेती मलाई धेरै नै राम्रो लाग्यो । यसमा खनजोत गरिरहनु पर्दैन र यसमा लाग्ने ज्यामीको बचत हुन्छ । यसमा लगाइएको छापोको कारणले झारपातको त्यति समस्या आउंदैन र सिंचाई पनि त्यति दिनु पर्दैन । जुन हामी किसानहरुको लागि निकै फाईदाजनक हो । यो तरीकाको खेती गरेर म र मेरा छरछिमेकका किसानहरु पनि निकै उत्साहित भएका छन र भविष्यमा उनीहरु पनि यो तरिका अपनाइ खेती गर्न लालायित छन । यसमा पोटि पनि ठुलो लाग्दछ र हरियो साग पनि मोटो हुन हनाले यसको बजार भाउ पनि राम्रो पाइन्छ । म अर्को वर्ष पनि यहि विधि अनुसार लसुन खेती गर्दछु ।"


बाझो खेतमा
लसुन खेती


बाझो खेतमा
लसुन खेती
किसानको
तरीकाले गरिएको
लसुन खेती